SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

८ असार, २०७२

## प्रेस विज्ञप्ति : सञ्चार अनुगमन

सञ्चारिका समूह नेपालले एक महिना (१ - ३१ जेठ २०७२) मा १५ वटा राष्ट्रिय दैनिकमा गरेको सञ्चार अनुगमनले १३ जना किशोरी तथा महिलाको बलात्कार भएको देखाएको छ । अनुगमनमा बलात्कारसम्बन्धी ५४ वटा समाचार सामग्री प्रकाशित भएको पाइएको छ ।

अनुगमनमा खेलकुद र मनोरञ्जनसम्बन्धी समाचारबाहेक दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीय सामग्री समेटिएको थियो । यसमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, सौर्य दैनिक, नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरु समेटिएका थिए ।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो । त्यसमा बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य पर्छन् ।

जेठ महिनामा हत्याका १० वटा घटना भएका थिए र हत्यासम्बन्धी ४२ वटा समाचार सामग्री प्रकाशित भएका थिए । बोक्सी आरोपका २ वटा घटना थिए र १० वटा समाचार सामग्री प्रकाशित भएका थिए । यौन दुर्व्यवहारका ८ वटा घटना भएका थिए र १७ वटा समाचार सामग्री प्रकाशित थिए । घरेलु हिंसाका ३ वटा घटना र ७ वटा समाचार सामग्री प्रकाशित भएका थिए । दाईजोका २ वटा घटना सार्वजनिक भएका थिए र २ वटा समाचार सामग्री प्रकाशित भएका थिए । आर्थिक अधिकारसँग सम्बन्धित ८ वटा समाचार, विचार तथा सम्पादकीय छापिएको देखाएको छ । मानव बेचबिखनसम्बन्धी ४२ र राजनितिक अधिकारहननसम्बन्धी ८ समाचार, विचार तथा सम्पादकीय छापिएको देखिन्छ । त्यस्तै परम्परागत र धार्मिक हिंसासम्बन्धी २ वटा घटना सार्वजनिक भएका थिए र ९ वटा समाचार सामग्री प्रकाशित भएका थिए । स्वास्थ्य अधिकारहनन्का २ वटा घटना बाहिर आए र ९२ वटा समाचार सामग्री प्रकाशित भए ।

महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए । पहिलो पृष्ठमा ३८ र दोस्रो पृष्ठमा ५७ वटा समाचार छापिएका थिए । सबैभन्दा बढी समाचार (६२ वटा) तेस्रो पृष्ठमा छापिएका थिए । महिला हिंसासम्बन्धी समाचारलाई सन्तोषजनक स्थान दिइएको थियो । महिलामाथि हिंसा गर्नेमा परिवारका सदस्य (२१), पीडक उल्लेख नभएका (७), छिमेकी (१२), राज्य (२) र अन्य (२५) भएको देखाएको छ । सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ५, फोटो समाचार २, लेख ३४, सफ्ट न्यूज ७४ तथा हार्ड न्यूज २२३ प्रकाशित थिए । प्रकाशित समाचारमध्ये हार्ड न्यूज ३५, सफ्ट न्यूज ४६ र ८ वटा लेखमा मात्र फोटो/स्केच प्रयोग गरिएको थियो ।

सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई प्राथमिकतामा राखेको पाइएको छ । तर, यस्ता समाचारको 'फलोअप' भने कम प्रकाशित भएको पाइयो । यो महिना बलात्कारका ३, बोक्सी आरोपका ३ र हत्याका २ वटा घटनामा 'फलोअप' समाचार प्रकाशित भएको देखिन्छ । 'हार्ड न्यूज' मा फोटोको प्रयोग कम (३५) पाइएको छ र समाचार साम्रगीमा पीडित वा पीडक कसको तस्बिर राख्ने भन्नेमा यस अघि झै स्पष्ट नीतिको अभाव नै देखिन्छ । जस्तो कि यस महिना पीडितका ६ वटा तस्बिर छापिएकोमा पीडकको ४ वटा मात्रै तस्बिर छापिएको थियो ।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् ? ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् ? हिंसाका समाचारमा 'फलोअप' समाचार आएका छन् कि छैनन् ? समाजमा के कस्ता लैंगिक हिंसा भइरहेका छन् र ती सम्बन्धमा कस्ता समाचार सामग्री आइरहेका छन् भनेर सञ्चार अनुगमन गर्दैआएको छ ।

बिमला तुम्खेवा
सञ्चारिका समूह

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org